nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

19°C । वर्ष :११, अंक : १४७ पृष्ठ ४ । शुक्रबार १६ माघ २०८२ । FRIDAY, JANUARY 30, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैया

## अनिल रुङटा यसपटक पनि चुनावी मौसमका पाहुना मात्र, भेटघाटलाई “खोक्रो आश्वासन” को संज्ञा स्थानीय




**नेपाल पोष्ट संवदाता**

**बीरगन्ज,१५ माघ ।**

नेपाली काँग्रेसबाट पर्सा निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधिसभा उम्मेदवार अनिल रुङटा चुनाव नजिकिँदै जाँदा मात्रै नगवा क्षेत्रमा देखा परेका छन् । लामो समयसम्म जनताबीच अनुपस्थित रहेका रुङटाले नगवामा युवा तथा अग्रज कार्यकर्ताहरूसँग भेटघाट तथा छलफल गरे पनि स्थानीयस्तरमा यसलाई नियमित राजनीतिक गतिविधिभन्दा बढी चुनावी औपचारिकता का रूपमा हेरिएको छ । भेटघाट कार्यक्रममा रुङटाले “जनताको विश्वास नै आफ्नो शक्ति” भएको दाबी गरे पनि स्थानीयहरू भने उनको यो भनाइ व्यवहारमा कहिल्यै महसुस गर्न नपाएको गुनासो गर्छन् । चुनावी भाषणमा सीमित प्रतिबद्धता र व्यवहारमा नदेखिने उपस्थितिले जनविश्वास कति मजबुत छ भन्ने प्रश्न उठेको छ । रुङटाले विगतका नेताहरूले नगवाका जनतालाई भ्रममा पारेको आरोप लगाउँदै चुनाव जितेपछि नगवा पोखरी विकास गर्ने आश्वासन दिए । तर स्थानीय मतदाताहरू भने यस्ता विकासका कुरा हरेक चुनावमा दोहोरिने तर परिणाम कहिल्यै नदेखिने पुरानै कथन भएको टिप्पणी गर्छन् । “नगवा पोखरीको नाम लिएर धेरैले राजनीति गरे, तर पोखरीको हालत उस्तै छ,” एक स्थानीयको गुनासो छ । कार्यक्रममा पार्टी सङ्गठन सुदृढीकरण र युवाको भूमिकाबारे चर्चा गरिए पनि काँग्रेसको संगठन नगवामा किन कमजोर हुँदै गएको हो भन्ने विषयमा उम्मेदवारले कुनै आत्मालोचना नगरेको आरोप छ ।

बाँकी तेश्रो पृष्ठमा⇨

## प्रेस सन्टर नेपालको स्थपना दिवसको उवसरमा वीरगंज प्रभातफेरी



**नेपाल पोष्ट संवदाता**

**बीरगन्ज,१५ माघ ।**

प्रेस सेन्टर नेपाल पर्सा आफ्नो २२ औं स्थापना दिवसको अवसरमा वीरगंजमा प्रभातफेरी निकालेको छ । वीरगंजको घण्टाघरमा सुरु भएको प्रभातफेरी बजारको मुख्य भागहरुको परिक्रममा गरी पुनः घण्टाघरमा कोण सभामा परिणत भएको छ । प्रेस सेन्टर नेपाल पर्सा शाखाको अध्यक्ष शिवननाथ यादवको अध्यक्षता सम्पन्न भएको कोण सभालाई नेपाल पत्रकार महासँघका केन्द्रीय लेखा आयोगका सदस्य केसी लामिछाने, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जारा, पर्साका अध्यक्ष ओमप्रकाश खनाल,समावादी प्रेस संगठन नेपाल पर्साका अध्यक्ष शम्भु कुमार सुमन लगायतकाले सम्बोधन गरेका थिए ।आफ्नो स्थपान दिवसको अवसर सेन्टर शाखा पर्साले वीरगंजस्थित ब्लडबैंकको कार्यालयमा आजै रक्तदान कार्यक्रमको समेत आयोजना गर्ने जनाएको छ ।

कार्यक्रममा पत्रकार महासंघ पर्साका कोषाअध्यक्ष संजिव मिश्रा, समाजवादी प्रेस संगठन नेपाल मधेश प्रदेशका अध्यक्ष मनोज पटेल लगायतको पनि उस्थिती रहेको थियो ।

## मधेश साहित्य महोत्सव २०२६ बीरगन्जमा सुरु



**नेपाल पोष्ट संवदाता**

**बीरगन्ज,१५ माघ ।**

मधेश र समग्र नेपालको भाषा, साहित्य तथा संस्कृतिलाई एकै मञ्चमा प्रस्तुत गर्ने उद्देश्यसहित मधेश साहित्य महोत्सव २०२६ आज वीरगन्जमा औपचारिक रूपमा सुरु भएको छ । महोत्सव वीरगन्जस्थित मधेश विश्वविद्यालय परिसरमा तीन दिनसम्म सञ्चालन हुनेछ ।उद्घाटन समारोहमा मधेश प्रदेश सरकारका मन्त्री शंकर चौधरी प्रमुख अतिथिका रूपमा उपस्थित थिए । उनले मधेशको भाषा, साहित्य र संस्कृतिले यहाँको पहिचान र इतिहासलाई जीवन्त बनाएको उल्लेख गर्दै यस्ता महोत्सवले दबिएका आवाजलाई सार्वजनिक मञ्च प्रदान गर्ने विश्वास व्यक्त गरे । महोत्सवको अध्यक्षता वीरगन्ज महानगरपालिकाका मेयर तथा महोत्सवका संरक्षक राजेशमान सिंहले गरेको थियो । मेयर सिंहले महोत्सवलाई सांस्कृतिक आन्दोलनको रूपमा स्थापित गर्दै वीरगन्जलाई साहित्य, कला र बौद्धिक संवादको केन्द्र बनाउन महानगरपालिकाले सधैं सहयोग गर्ने प्रतिबद्धता जनाए । महोत्सव अवधिमा गाउँ केन्द्रित बहस, साहित्यिक सत्र, काव्यशाला, बहुभाषिक कवि गोष्ठी र विविध सांस्कृतिक प्रस्तुति आयोजना गरिने आयोजक उत्कर्ष नेपालले जनाएको छ ।

## श्रीमतीले नै योजनाबद्ध तरिकाले गरेकी थिइन् श्रीमान र सासुको हत्या



**नेपाल पोष्ट संवदाता**

**बीरगन्ज,१५ माघ ।**

बाराको परवानीपुरमा बुधबार मध्यराति २७ वर्षीय रामेश्वर महतो मण्डल र उनकी आमा ४८ वर्षीय सुमित्राको हत्या भएको छ । प्रहरीले अनुसन्धानको क्रममा मृतक छोराकी श्रीमती मनिताले योजनाबद्ध रूपमा आफ्नै श्रीमान र सासुको हत्या गराएको पत्ता लगाएको छ । मनितालाई घरबाटै पक्राउ गरिएको थियो । सोधपुछमा उनले हत्या आफ्नो योजनामा भएको खुलासा गरेकी छन् । घटनामा २० वर्षीया नन्द रीना कुमारी मण्डल र ५४ वर्षीय ससुरा जगरुप महतो घाइते भएका छन् । उनीहरूको परवानीपुर एलएस न्युरो अस्पतालमा उपचार भइरहेको छ । प्रहरीले आरोपी मनितासँगै उनको सहयोगी, २७ वर्षीय धर्मेन्द्र महतोलाई पनि पक्राउ गरेको छ । अनुसन्धानमा धर्मेन्द्र र मनिताबीच प्रेम सम्बन्ध रहेको खुलेको छ । धर्मेन्द्र वैदेशिक रोजगारीबाट केही महिनाअघि घर फर्किएका थिए । मनिताले गत साउनदेखि घर छाडेकी थिइन् र काठमाडौं बस्दै आएकी थिइन् । उनी आफ्ना दुई छोरी घरमै छोडेर गएको बताइएको छ । हत्या गर्न राति प्रेमी र उनका सहयोगीलाई मनिताले घरको पछाडिको ढोका खोलिदिएको आशंका गरिएको छ । घटनापछि छिमेकीको ध्यान गएपछि घरमा दुई शव र दुई घाइते फेला परे । धर्मेन्द्रलाई पछि वीरगञ्जबाट पक्राउ गरिएको हो । प्रहरीले हत्यामा धर्मेन्द्रबाहेक अन्य व्यक्तिहरूको संलग्नता पनि पत्ता लगाएको छ ।


## जनमुखी शासन स्थापनाका लागि घण्टी चिन्हमा मतदान गर्न सुशील कुमार कानुको अपिल



**बीरगन्ज,१५ माघ ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गत बहुदरमाई नगरपालिका-२, बैरिया बिर्तामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा सदस्य उम्मेदवार सुशील कुमार कानुले बिहीबार बिहान स्थानीय बासिन्दा, समाजसेवी, सम्मानित व्यक्तित्व तथा बुद्धिजीवीहरूसँग प्रत्यक्ष भेटघाट तथा छलफल कार्यक्रम सम्पन्न गरेका छन् । घरदैलो अभियान तथा अन्तरक्रियाका क्रममा उम्मेदवार कानुले आउँदो प्रतिनिधिसभा निर्वाचनमा रास्वपाको चुनाव चिन्ह घण्टीमा मत दिएर पार्टीलाई विजयी गराउन स्थानीय मतदातालाई आग्रह गरे । उनले विगत झण्डै तीन दशकदेखि व्यक्ति केन्द्रित राजनीतिले मुलुकलाई पछाडि धकेलेको उल्लेख गर्दै अब त्यो प्रवृत्तिको अन्त्य गरी जनताको सहभागितामा आधारित शासन व्यवस्था स्थापना गर्न परिवर्तन अपरिहार्य भइसकेको बताए । कानुले देशको राजनीतिक, आर्थिक तथा सामाजिक अवस्थालाई सुधार गर्दै नयाँ नेपालको मजबुत आधार तयार गर्न राष्ट्रिय स्वतन्त्र पार्टीले अघि सारेको स्पष्ट र व्यवहारिक कार्ययोजना नै उपयुक्त विकल्प भएको दाबी गरे । पुराना दल तथा नेताहरूका बारम्बार दोहोरिएका आश्वासनले जनतामा निराशा बढाएको भन्दै अब जवाफदेही र नतिजामुखी राजनीति आवश्यक रहेको उनको भनाइ थियो । अन्तरक्रियाका क्रममा स्थानीयवासीहरूले पनि हालको राजनीतिक अवस्थाप्रति असन्तोष व्यक्त गर्दै पुरानै अनुहार र अधुरा प्रतिबद्धताबाट आफूहरू दिक्क भइसकेको बताए । उनीहरूले देशमा सार्थक परिवर्तनका लागि नयाँ सोच र नयाँ नेतृत्व अपरिहार्य रहेको धारणा राखे । विशेषतः युवापुस्ता तथा जेन-जी वर्गले आफ्ना अपेक्षाअनुसार काम गर्न सक्ने राजनीतिक शक्तिको खोजी गरिरहेको उल्लेख गर्दै रास्वपाप्रति विश्वास र समर्थन दिनप्रतिदिन बढ्दै गएको कानुले बताए । स्थानीय युवाहरूले पार्टीलाई मतदान गर्ने प्रतिबद्धता जनाउनु उत्साहजनक रहेको उनको प्रतिक्रिया थियो ।

## पर्सा राष्ट्रिय निकुञ्जमा बाघ गणनाको तेस्रो चरण सुरु



**बीरगन्ज,१५ माघ ।**

चितवन र पर्सा राष्ट्रिय निकुञ्जलाई समेटेर गरिएको बाघ गणनाको तेस्रो खण्ड (ब्लक) आजदेखि सुरु गरिएको छ । यसअघि दुई खण्डमा गणना सम्पन्न भएपछि तेस्रो खण्डमा स्वचालित क्यामेरा जडानको काम थालिएको हो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यका अनुसार चितवन-पर्सा क्षेत्रलाई तीन ब्लकमा विभाजन गरी बाघ गणना गरिँदै आएको छ । पहिलो र दोस्रो खण्डको गणना सकिए पनि त्यसको तथ्याङ्क प्रशोधन प्रक्रिया जारी रहेको उनले बताए । तेस्रो खण्डमा शनिबारसम्म विभिन्न स्थानमा स्वचालित क्यामेरा जडान गरिनेछ । क्यामेरा जडानपछि १५ दिन र रात बाघको आवागमन तथा गतिविधि निगरानी गरिनेछ । क्यामेरामा कैद भएका तस्बिर र तथ्याङ्कका आधारमा बाघको यकिन संख्या निकालिने वरिष्ठ इकोलोजिष्ट आचार्यले जानकारी दिए । पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाका अनुसार तेस्रो खण्डको गणनाका लागि १२ वटा क्याम्पबाट सात-सात जनाको टोली परिचालन गरिएको छ । बाघको हिँडडुल बढी हुने क्षेत्रलाई लक्षित गर्दै ३२८ जोडी स्वचालित क्यामेरा जडान गरिनेछ । निकुञ्जका सूचना अधिकारी सन्तोषकुमार भगतका अनुसार भाट्ठा, शीतलपुर, महादेवपट्टि, अमलेखगञ्ज, चुरियामाई, रातोमाटे, सहजनाथ, निजगढ, चपुर, घोडेमसान र तामागढी लगायत क्षेत्रमा क्याम्प स्थापना गरी गणना कार्य भइरहेको छ । चितवन राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा. गणेश पन्तले पहिलो र दोस्रो खण्डमा जडान गरिएका क्यामेरा निकालिसकिएको जानकारी दिए । उनका अनुसार एउटा खण्डमा क्यामेरा १५ दिन र रात राखेपछि आवश्यक प्रक्रिया पूरा गरी निकालिन्छ । बाघ गणनाका क्रममा जङ्गली हात्ती र बाघका कारण २४ वटा क्यामेरामा क्षति पुगेको थियो ।

संरक्षण अधिकृत हेमराज आचार्यका अनुसार प्रत्येक दुई वर्ग किलोमिटर क्षेत्रफलमा एक जोडी स्वचालित क्यामेरा राखिन्छ । नेपालमा प्रत्येक चार वर्षमा बाघ गणना गरिँदै आएको छ, जसमा निकुञ्जका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, स्थानीय स्वयंसेवी, विद्यार्थी र संरक्षण साझेदार सहभागी हुन्छन् । यसअघि सन् २०२२ मा गरिएको बाघ गणनाअनुसार नेपालमा ३५५ वटा बाघ रहेका थिए । उक्त गणनामा चितवन राष्ट्रिय निकुञ्जमा १२८ र पर्सा राष्ट्रिय निकुञ्जमा ४१ बाघ भेटिएका थिए ।

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## जीवन्त निर्वाचनका लागि भयरहित वातावरण

हरेक देशको राजकाज र शासन सत्ताका नेतृत्वकर्ता अद्यावधिक गर्नका लागि निर्वाचन एउटा अवसर हो । राज्यदेखि नागरिकसम्मकै भूमिका एकसाथ मञ्चन हुने भएकाले लोकतान्त्रिक देशमा निर्वाचनलाई राष्ट्रिय पर्वकै रुपमा लिइन्छ । यद्यपि, निर्वाचन प्राविधिक प्रक्रिया मात्रै होइन, जीवन्त हुनुपर्छ । त्यसले मात्रै निर्वाचनको औचित्य पुष्टि हुन्छ, वैधानिकता बलियो बन्छ । यसका लागि निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन हुन सक्नुपर्छ । पार्टी र उम्मेदवारले मतदातासमक्ष आफ्नो एजेन्डा प्रस्तुत गर्ने, मतदाताले उनीहरूका एजेन्डा पर्गेल्ने र तुलना गर्ने, तोकिएको दिनमा आफूलाई मन परेको पार्टी र उम्मेदवारका निम्ति मतदान गर्ने प्रक्रिया शान्तिपूर्वक हुनुपर्छ । तर निर्वाचनमा यसको आदर्श पक्ष धुमिल हुने र अनपेक्षित ढंगले अशान्ति र असुरक्षा पनि उत्पन्न हुने गरेको छ । भय, त्रास, असुरक्षाका बीच हुने निर्वाचनले सत्ता हेरफेरलाई नियमित गराए पनि त्यसमा जनताको अपनत्वको मात्रा न्यून हुन्छ । त्यसैले निर्वाचनलाई स्वस्थ, निष्पक्ष र भयरहित बनाउनका लागि सरोकारवाला सबै पक्षको मेहनत अपरिहार्य छ । यस निर्वाचनका लागि परम्परागत र नया किसिमका सुरक्षा चुनौती महसुस गरिएको छ । सरकारले नै चुनौती र त्यसलाइ सामना गर्ने सूत्र पहिल्याएको छ । यसमा दलहरूका अवाञ्छित गतिविधिदेखि प्राकृतिक घटना तथा कारणबाट निम्तिने जोखिमसम्मलाई आकलन र विश्लेषण गरिएको छ । प्राकृतिक घटनालाई टार्न नसकिने भए पनि नियोजित र बनिबनाउ चुनौतीलाई भने परास्त गर्न सकिन्छ । त्यसका लागि सुक्ष्म निगरानी र चुस्त रणनीति अख्तियार गरिनुपर्छ ।

निर्वाचनका प्रमुख खेलाडी दल र नेताहरू नै हुन् । अहिलेदेखि नै नेताहरूले अप्रमाणित तर गम्भीर आरोप लगाउन थालिसकेका छन् । जस्तो कि, एमाले अध्यक्ष केपी शर्मा ओलीले रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहलाई लक्षित गर्दै 'देश जलाउने' व्यक्तिका रुपमा चित्रित गरे । शाहले पनि प्रत्युत्तरमा '२३ गते बच्चाहरू मारेको आतंकवाद लुकाउन २४ गते जलाएको' आरोप लगाए । आगामी दिनमा यस्तो प्रवृत्ति झन् बढ्ने हो कि भन्ने चिन्ता छ । त्यसैले उनीहरूले संयम कायम राख्दै स्वस्थ र भद्र प्रतिस्पर्धाका लागि आफूलाई तयार गर्नुपर्छ । २४ भदौमा विभिन्न कारागार/बन्दीगृह र प्रहरी हिरासतबाट फरार भएकामध्ये ४ हजार ४ सय १५ जना अझै फरार छन् । फरारमध्ये भारतीय र तेस्रो मुलुकका विदेशी कैदीबन्दी/थुनुवा मात्रै ६ सयभन्दा बढी छन् । त्यतिबेलै सुरक्षाकर्मीले फिल्डमा बोकेका, ब्यारेक र कोतघरमा रहेकासमेतबाट १३ सय ४२ हतियार र करिब १ लाख राउन्ड गोली लुटिएका थिए । तीमध्ये बरामद गरिएको हतियारको संख्या ७ सय ४५ छ । केही हतियार जलेको भनिएको छ । अरू घातक हतियार अझै बरामद हुन सकेको छैन । फरार रहेका कैदीबन्दी/थुनुवा तथा लुटिएका हतियारलाई निर्वाचनका लागि सुरक्षा चुनौतीका रूपमा हेरिएको छ । खुला सीमानामा पनि सुरक्षा चुनौतीको अर्को कारण हो । निर्वाचनका बेला सीमा बन्द गरिए पनि सुरक्षा संयन्त्रको उपस्थिति पातलो हुँदा निर्वाचनविरोधी पक्ष र आपराधिक समूहले फाइदा लिन सक्ने जोखिम रहन्छ । यस्ता चुनौती न्यूनीकरणका लागि सुरक्षा निकायको सुक्ष्म दृष्टि र तत्काल 'एक्सन' अपेक्षित हुन्छ । सरकारले सुरक्षा निकायका लागि आवश्यक साधनस्रोत उपलब्ध गराउनुपर्छ । उम्मेदवारहरूको सम्भावित विजय वा पराजय भावले पनि झडपहरू निम्त्याउन सक्छ । निर्वाचनमा अवैध तथा जबर्जस्ती चन्दा संकलन र धम्की हुनसक्छ । अवैध हतियार तथा विस्फोटक पदार्थको प्रयोग र आपराधिक क्रियाकलाप, जातीय, भौगोलिक तथा सामाजिक सम्प्रदायको आवरणमा अराजक गतिविधि हुन सक्छन् । एआई सिर्जित संवेदनशील सामग्रीलाई सामाजिक सञ्जालमा प्रवाह गर्ने प्रवृत्ति पनि बढ्दो छ । प्रविधि दुरुपयोगका अनेकौं सम्भावना छन् ।

निर्वाचनअघि मात्रै होइन, पछि पनि मतपत्रको सुरक्षा संवेदनशील विषय हो । विगतमा मतपत्र नै च्यातिएका उदाहरण पनि छन् । सबै किसिमका अवाञ्छित गतिविधि रोक्न आयोग र सुरक्षा निकायको सक्रिय भूमिका आवश्यक छ । निष्पक्ष निर्वाचनका लागि निर्वाचन आयोगको भूमिका बलियो तर निष्पक्ष हुन जरुरी छ ।

सुरक्षा निकायले पनि विगतका सन्दर्भ र संवेदनशील क्षेत्रलाई प्राथमिकतामा राखेर आफ्नो भूमिका निर्वाह गर्नुपर्छ । राजनीतिक दल, उम्मेदवारदेखि सामाजिक सञ्जाल प्रयोगकर्ता पनि संवदेनशील हुनुपर्छ । आतंक र भ्रम फैलाउने गतिविधिबाट आफूलाई अलग राख्नुपर्छ । निर्वाचनका लागि आयोग, सरकार, राजनीतिक दल र मतदाता मूल सरोकारवाला हुन् । देशको शासन व्यवस्था कुन थितिमा बसाल्ने, शासन सत्ताको प्रणाली कस्तो हुने, शासनको नेतृत्वमा कसलाई राख्ने भनेर निर्क्योल गर्ने अधिकार जनतासँग छ । निर्वाचनले वैधानिकता हस्तान्तरण गर्ने हो । २३ र २४ भदौको जेन-जी आन्दोलनको पृष्ठभूमि र आन्दोलनले स्थापित गरेको जनआकांक्षाका धेरै आयाम छन् ।

# उम्मेदवारीमा महिलालाई उपेक्षा किन ?




**पविता मुडभरी पुडासैनी**

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि समानुपातिक र प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयनमा लैंगिक समानता तथा समावेशिताका आधारमा टिकट वितरण नभएको भन्दै तीव्र आलोचना भएको छ ।

प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्रमध्ये एकतिहाइ महिलाको अनिवार्य प्रतिनिधित्व दलहरूले के कसरी गरे ? यस विषयमा चासो हुनु स्वाभाविक हो । सबैभन्दा पहिले अधिकांश क्षेत्रका उम्मेदवारी मनोनयन टुंग्याएको एमाले पार्टीमा महिला उम्मेदवारको संख्या अत्यन्तै कम छ । नयाँ-पुराना सबैजसो दलमा दर्जन महिला पनि उम्मेदवारीमा नपर्नुको अर्थ हो– महिलाको राजनीतिक पृष्ठभूमिलाई कमजोर आँक्ने अनि टिकट वितरणमा हुने आर्थिक मोलमोलाइ र चाकरीबाजप्रवृत्ति ।केहीसमयअघिको समानुपातिक प्रतिनिधित्व पनि विभिन्न वर्ग, क्षेत्र र लिंगका आधारमा हुनुपर्नेमा सो नभएकाले दलहरूको समानुपातिक-समावेशी प्रतिनिधित्वमाथि जनताको तीव्र असन्तुष्टि देखिएको थियो ।

सरकार, निर्वाचन आयोग, राजनीतिक दल र सम्पूर्ण नागरिक उत्साहसाथ निर्वाचनको तयारीमा जुटेसँगै देशको आधा जनसंख्या ओगटेका महिलालाई आगामी संसद् र सरकारमा एकतिहाइ प्रतिनिधित्व हुने गरी दलले महिलाको उम्मेदवारीलाई प्राथमिकता दिनुपर्थ्यो । त्यसो त नयाँ दलहरूमा पनि उम्मेदवारी दिन करोडौं रुपैयाँको माग भएको र आफूले सो रकम बुझाउन नसक्दा उम्मेदवारको टिकट नपाएका गुनासा यो पटक पनि बाहिरिएका छन् ।

टिकट लिन करोडौं बुझाउनुपर्ने अवस्थाले 'राम्रा' भन्दा 'हाम्रा' ले उम्मेदवार हत्याउने अवस्था निम्तिएको छ । मोटो रकम बुझाएर पार्टीको टिकट लिने काम महिला उम्मेदवारका लागि सहज र सम्भव पक्कै छैन । महिला उम्मेदवारीको संख्या घट्नुमा दलहरूमा स्थापित पितृसत्तात्मक सोच, चाकडीबाजको बोलवाला र आर्थिक लेनदेन पनि हो । महिलाको उम्मेदवारी बढाई संसद् र सरकारमा तिनको प्रतिनिधित्व बढाउन सके विधिको शासन लागू भई मुलुकमा भ्रष्टाचारको अन्त्यसँगै शान्ति, समृद्धि र सुशासन कायम हुने निश्चित छ । महिला प्रधानमन्त्रीकै नेतृत्वमा हुने आमनिर्वाचनमा महिला उम्मेदवारीप्रति सबैको ध्यान खिचिनु स्वाभाविक हो । वास्तवमा राजनीतिक अन्योलता-अस्थिरता हटाउन र देशलाई लैंगिक समानताउन्मुख बनाउन हरेक दलले महिलाको उम्मेदवारी संख्या कम्तीमा एकतिहाइ पुर्‍याउनुपर्थ्यो । लैंगिक समानता र समावेशिता संस्थागत गर्ने पहिलो बिन्दु नै निर्वाचनमा महिलाको अत्यधिक उम्मेदवारी हो । देशको विषम परिस्थितिमा सरकारको नेतृत्व सम्हालेर देशलाई निर्वाचनको संघारमा ल्याइपुर्‍याएकी प्रधानमन्त्री सुशीला कार्कीले विगतका हरेक निर्वाचनमा देखिँदै आएको महिला उम्मेदवारीको उपेक्षा गर्ने पितृसत्ताको गडगडाहटलाई किन भत्काउन सकिनन् ? आगामी संसद् र सरकारमा लैंगिक समानता र समावेशी नेतृत्व स्थापित गर्न उनको निर्यायक भूमिका खोइ ? नयाँ भनिएका र आशा गरिएका दलहरूबाट समेत उम्मेदवारीमा महिलालाई किन पाखा लगाइयो ?

एकतिहाइ महिलालाई उम्मेदवारी दिने सवालमा 'महिलाले भोट ल्याउन सक्दैनन्, जनताको मन जित्न सक्दैनन्, परिआए रकम खर्च गर्न सक्दैनन्, गहन निर्णय दिन सक्दैनन्, विशेष परिस्थितिसँग जुध्न घर-परिवारबाटै स्वीकृति लिन सक्दैनन्' भन्ने संकुचित मान्यता दलहरूमा अझै छ । यही लैंगिक विभेदजन्य निकृष्ट सोचाइले ग्रस्त नयाँ-पुराना दलले महिलालाई प्रत्यक्षतर्फको टिकट दिन खुट्टा कमाएको देखियो । समाजका हरेक समुदायलाई राज्यको मूलधारमा ल्याउने उद्देश्यले अपनाइएको समानुपातिक प्रतिनिधित्वको अवधारणासमेत दलका प्रभाव र पहुँचवालाहरूको मुट्ठीमा कैद हुनु विडम्बना हो ।

जेन-जी आन्दोलनपछि पनि दलहरू उम्मेदवारीमा समानता र समावेशिता अपनाउन किन चुके ? जेन-जीको मागबमोजिम भ्रष्टाचार उन्मूलन र सुशासनका लागि समेत उम्मेदवारीमा महिलाको बढोत्तरी जरुरी थियो । नेपालमा २०६२/६३ को जनआन्दोलनपछि कैयौं महिला विभिन्न तहको नेतृत्वमा पुग्दा महिला उत्थान र समृद्धिका क्षेत्रमा केही सकारात्मक परिवर्तन भएकै हो । 'महिला पुरुषभन्दा कमजोर हुन्छन्' भन्ने मान्यता र मानसिकता हटाएर अब महिलालाई पनि हरेक क्षेत्रमा पुरुषसरह अधिकार दिएर हेरौं । आ-आफ्ना स्वेच्छा र विवेक प्रयोग गरी आफूले छनोट गरेका उम्मेदवार सत्तामा पुगेलगत्तै कलंकित, आलोचित र भ्रष्टाचारी नबनुन् भन्ने राष्ट्रवादी चाहना हरेक मतदाताको हुन्छ । नेता फेर्दा तिनको नैतिकतासँगै राष्ट्रिय नीति र समृद्धि आफैं फेरिन्छ भनेर नागरिकले पटक-पटक विवेक प्रयोग गरी नयाँ-नयाँ अनुहारलाई मतदान गरी जिताउँदा पनि तिनले राजनीतिक शक्ति र शासन हत्याउनेबित्तिकै पुराना दल र जनप्रतिनिधिकै चरित्र अँगाल्ने प्रवृति दोहोरिँदै आएको छ । त्यसैले अबको जनप्रतिनिधि चयनमा नागरिक अत्यन्तै चनाखो हुनु आवश्यक छ । निराशा हटाएर राष्ट्रोन्नतिको आशा जगाउने

बाँकी तेश्रो पृष्ठमा⇨

# युवा निर्णायक भएको निर्वाचन

**रोशन आउजी**

नेपालको समसामयिक राजनीति गहिरो पुन:संरचनाको चरणमा प्रवेश गरिरहेको संकेत पछिल्ला महिनाहरूमा स्पष्ट देखिन्छ । सडक आन्दोलन, सामाजिक सञ्जालमा व्यापक बहस र राज्यप्रतिको खुला असन्तुष्टिले वर्तमान राजनीतिक संरचनामाथि गम्भीर प्रश्न उठेका छन् । यही पृष्ठभूमिमा छिट्टै निर्वाचन हुँदै छ । युवापुस्ताको भूमिका राजनीतिक बहसको केन्द्रमा छ ।

राजनीतिक दलका लागि सबैभन्दा ठूलो चुनौती नै युवालाई विश्वस्त पार्नु हो । विगतका निर्वाचनमा युवाको सहभागिता अपेक्षाकृत कम रहेको तथ्य स्मरणीय छ । 'सबै दल उस्तै' भन्ने निराशाजन्य सोचका कारण धेरै युवा मतदाता निर्वाचन प्रक्रियाबाट टाढा थिए । तर अहिलेको आन्दोलनले देखाएको चेतना र सक्रियताले यो धारणा परिवर्तन हुँदै गएको आभास दिन्छ । युवाले अब मौन बस्ने होइन, निर्णय प्रक्रियामा हस्तक्षेप गर्ने संकेत दिएका छन् ।

**मतदाता संरचना र युवाको संख्यात्मक शक्ति**

जनसांख्यिक संरचना हेर्दा युवा मतदाताको प्रभाव अस्वीकार गर्न सकिँदैन । निर्वाचन आयोगका विवरणअनुसार, दर्ता मतदाताको संख्या एक करोड ८० लाखको हाराहारीमा छ । तीमध्ये १८ देखि ४० वर्ष उमेर समूहका मतदाता करिब ४० प्रतिशत रहेको अनुमान गरिन्छ । १८-२९ वर्ष उमेर समूह मात्रै हेर्दा पनि कुल मतदाताको झन्डै एक तिहाइ हिस्सा देखिन्छ । यसले स्पष्ट गर्छ, युवाको मतबिना सत्ता निर्माण सम्भव छैन ।

तर संख्याभन्दा पनि महत्त्वपूर्ण पक्ष युवाको बदलिँदो राजनीतिक चेतना हो । विगतमा राजनीतिक उदासीनताको आरोप खेप्दै आएको युवा वर्ग आज नीति, नेतृत्व र प्रणालीमाथि प्रश्न उठाउन अग्रपंक्तिमा देखिन थालेका छन् । यही परिवर्तन सम्भावित निर्वाचनको सबैभन्दा निर्णायक तत्त्व बन्ने संकेत हो ।

**वैदेशिक पलायन : मौन जनमत**

नेपालको युवा संख्या बुझ्न वैदेशिक रोजगारीलाई नजरअन्दाज गर्न सकिँदैन । श्रम स्वीकृति लिने नेपालीको संख्या वार्षिक ७-८ लाखको हाराहारीमा पुग्नु आफैंमा गम्भीर संकेत हो । तीमध्ये ठूलो हिस्सा १८-३५ वर्ष उमेर समूहका युवा हुन् । यो केवल आर्थिक पलायन मात्र होइन, राजनीतिक अविश्वासको मौन जनमत पनि हो । चुनावका बेला 'देशमै अवसर सिर्जना' भन्ने नारा दोहोरिए पनि व्यवहारमा युवाले त्यसको प्रत्याभूति पाएका छैनन् । विदेशमा रहेका लाखौं युवाले मतदान गर्न पाउने व्यवस्था नहुनु पनि लोकतान्त्रिक प्रतिनिधित्वको गम्भीर कमजोरी हो । यदि उनीहरूको मत समावेश हुन सकेको भए, निर्वाचन परिणाम र राजनीतिक सन्तुलनमा ठूलो प्रभाव पर्न सक्थ्यो ।

**जेन-जी असन्तुष्टिको मूल कारण**

जेन-जी पुस्ताको असन्तुष्टि भावनात्मकभन्दा पनि संरचनागत देखिन्छ । बेरोजगारी यसको प्रमुख कारण हो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको तथ्यांकअनुसार नेपालमा युवा बेरोजगारी दर १९-२० प्रतिशतको आसपास छ, जुन समग्र बेरोजगारी दरभन्दा निकै बढी हो । प्रत्येक वर्ष करिब ५-६ लाख युवा श्रम बजारमा प्रवेश गर्दा आन्तरिक रोजगारी सिर्जना त्यसको आधा पनि नपुग्ने अवस्था छ । यससँगै शिक्षा र सीपबीचको असन्तुलन, बढ्दो वैदेशिक पलायन, भ्रष्टाचार, दण्डहीनता र कमजोर सार्वजनिक सेवा प्रणालीले युवामा राज्यप्रति गहिरो निराशा पैदा गरेको छ । यही निराशा पछिल्ला आन्दोलनहरूमा 'राजनीति होइन, प्रणाली परिवर्तन' भन्ने नारामा प्रकट भएको देखिन्छ ।

**युवाको विश्वास संकट**

युवाको राजनीतिक चेतनासँग प्रत्यक्ष जोडिएको अर्को महत्त्वपूर्ण पक्ष राज्यको नीति र बजेट प्राथमिकता हो । पछिल्ला वर्षहरूमा नेपाल सरकारले शिक्षा, रोजगार र उद्यमशीलताका नाममा विभिन्न कार्यक्रम घोषणा गरे पनि त्यसको प्रभावकारिता प्रश्नको घेरामा छ । आर्थिक वर्ष २०८०/८१ को बजेटमा कुल बजेटको करिब ११ प्रतिशत शिक्षा क्षेत्रमा र ५ प्रतिशतभन्दा कम हिस्सा रोजगारी तथा श्रमसम्बन्धी कार्यक्रमहरूमा विनियोजन गरिएको देखिन्छ । तर यी कार्यक्रमहरूबाट कति युवाले स्थायी रोजगारी पाए भन्ने ठोस तथ्य सार्वजनिक रूपमा उपलब्ध छैन । राष्ट्रिय योजना आयोगका केही प्रतिवेदनहरूले युवामुखी कार्यक्रमहरू 'परियोजना केन्द्रित' भए पनि 'नतिजा केन्द्रित' नबनेको स्वीकार गरेका छन् । अर्थात्, बजेट खर्च भएको देखिन्छ तर युवाको जीवनस्तरमा देखिने परिवर्तन न्यून छ । यही कमीले युवामा 'नीति कागजमा मात्रै हुन्छ' भन्ने धारणा विकास गरेको छ, जसले निर्वाचनप्रतिको विश्वास कमजोर बनाएको पनि हामी देख्न सक्छौं ।

**डिजिटल पुस्ताको प्रभाव**

सम्भावित निर्वाचनको अर्को महत्त्वपूर्ण पक्ष डिजिटल राजनीति हो । नेपालमा इन्टरनेट पहुँच ७० प्रतिशतभन्दा बढी पुगेको छ भने सामाजिक सञ्जाल प्रयोगकर्तामध्ये बहुसंख्यक युवा छन् । टिकटक, फेसबुक, युट्युब र एक्स (ट्वीटर) अब केवल मनोरन्जनका माध्यम होइनन्, राजनीतिक विमर्शका मुख्य प्लेटफर्म बनेका छन् ।

यसले परम्परागत चुनावी अभियानको स्वरूप नै परिवर्तन गरिदिएको छ । ठूला सभा, पोस्टर र नाराभन्दा छोटा भिडियो, तथ्यको जाँच, विगतको अभिलेख र सार्वजनिक बहस प्रभावकारी बन्दै गएका छन् । जेन-जी मतदाताले उम्मेदवारको इतिहास, व्यवहार र विश्वसनीयतालाई डिजिटल माध्यमबाट सजिलै मूल्यांकन गरिरहेका छन् । यसले चुनावी राजनीतिमा पारदर्शिता बढाएको छ, तर दलहरूका लागि चुनौती पनि थपेको छ ।

**आन्दोलन र संस्थागत**

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## इरानको क्रान्तिकारी गार्डमाथि प्रतिबन्ध लागू गर्ने तयारीमा ईयू

**काठमाडौं,१५ माघ ।**

राष्ट्रव्यापी विरोध प्रदर्शनमा तेहरानको दमनमा इरानको अर्धसैनिक क्रान्तिकारी गार्डमाथि प्रतिबन्ध लगाउन युरोपेली सङ्घ (ईयु) तयारी अवस्थामा देखिन्छ । यसले इस्लामिक गणतन्त्रमा थप दबाब दिएको छ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सम्भावित सैन्य आक्रमणको खतरालाई पनि बढाएको छ । अमेरिकाले युएसएस अब्राहम लिंकन र अन्य निर्देशित मिसाइल विध्वंसकहरू मध्यपूर्वमा पठाएको छ । इरानले पनि प्रतिघातको चेतावनी दिएको छ, जसले अमेरिकी सैन्य आधार र इजरायलसहित क्षेत्रीय लक्ष्यहरूलाई जोखिममा पार्न सक्छ । विरोध प्रदर्शनमा कम्तीमा छ हजार ३७३ जनाको मृत्यु भएको बताइएको छ । इयुका शीर्ष कूटनीतिज्ञ काजा कालासले प्रतिबन्धको 'सम्भावना' रहेको बताइन् । उनले भनिन्, 'यदि तपाईं आतंककारीका रूपमा कार्य गर्नुहुन्छ भने तपाईंलाई आतंककारीका रूपमा पनि व्यवहार गर्नुपर्छ ।' इरानले यसबारे तत्काल टिप्पणी गरेको छैन, तर यसअघि युरोपको आलोचना गरिसकेको छ । इयुमा प्रतिबन्ध लागू गर्न ब्लकका



२७ राष्ट्रमा सर्वसम्मति आवश्यक छ । फ्रान्सले गार्डलाई आतंककारी सूचीमा राख्ने प्रस्तावलाई समर्थन गरेको छ र फ्रान्सेली विदेशमन्त्री जीन-नोएल बारोटले भने, 'इरानमा गरिएका अपराधका लागि कुनै दण्डमुक्ति हुन सक्दैन ।' क्रान्तिकारी गार्ड सन् १९७९ को इस्लामिक क्रान्तिबाट स्थापना भएको थियो र त्यसयता देशको शिया धर्मगुरु-प्रधान शासनको सुरक्षा गर्दै आएको छ । यसले प्रदर्शन रोक्न बासिज बलमार्फत जनवरी ८ देखि इन्टरनेट बन्द गरी व्यापक दमन गरेको थियो ।

इरानी पुरुषहरूले १८ वर्षपछि दुई वर्षसम्म सैन्य सेवा गर्नुपर्छ र धेरैले राजनीतिक दबाबका बाबजुद गार्डमा भर्ती हुने गर्छन् । मानव अधिकार समूहका अनुसार कम्तीमा छ हजार ३७३ जनाको मृत्यु भएको छ, जसमा पाँच हजार ९९३ प्रदर्शनकारी, २१४ सुरक्षा बल, ११३ बालबालिका र ५३ सर्वसाधारण रहेका छन् । बयालिस हजार ४५० भन्दा बढी पक्राउ परेका छन् । सरकारको आफ्नै तथ्यांक अनुसार जनवरी २१ सम्म मृत्यु हुनेको सङ्ख्या तीन हजार ११७ पुगेको थियो । यो मृत्युको सङ्ख्या दशकौँमा इरानमा भएका कुनै पनि विरोध प्रदर्शनभन्दा बढी हो र यसलाई सन् १९७९ को इस्लामिक क्रान्तिसँग तुलना गरिन्छ ।

## भारतमा रहेकी हसिनाद्वारा बङ्गलादेशी चुनावको आलोचना



**काठमाडौं,१५ माघ ।**

बङ्गलादेशकी निर्वासित पूर्वप्रधानमन्त्री शेख हसिनाले भारतमा रहेको आफ्नो निर्वासनबाट देशमा हुन लागेको आम निर्वाचनको कडा आलोचना गरेकी छिन् । आफ्नो दल अवामी लिगलाई चुनावबाट प्रतिबन्ध लगाएपछि आगामी निर्वाचन समावेशी, स्वतन्त्र र निष्पक्ष हुन नसक्ने उनको भनाइ छ । सन् २०२४ मा विद्यार्थी आन्दोलनमाथि गरिएको दमनका कारण अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाइएकी हसिनाले गत हप्ता एसोसिएटेड प्रेसलाई इमेलमार्फत प्रतिक्रिया दिँदै समावेशी चुनाव नहुँदा बङ्गलादेश लामो समयसम्म राजनीतिक अस्थिरतामा फस्ने चेतावनी दिएकी थिइन् । नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले जानाजानी पूर्व सत्तारूढ अवामी लिगलाई चुनाव प्रक्रियाबाट बाहिर राखेर लाखौं समर्थकलाई मताधिकारबाट वञ्चित गरेको हसिनाको दाबी छ । उनका अनुसार ठूलो जनसमूहलाई राजनीतिक सहभागिताबाट हटाउँदा असन्तुष्टि गहिरिन्छ, संस्थाहरू कमजोर बन्छन् र भविष्यमा थप अस्थिरताको आधार तयार हुन्छ । हसिनाले बहिष्करणबाट बनेको सरकारले विभाजित राष्ट्रलाई एकताबद्ध गर्न नसक्ने स्पष्ट गरेकी छिन् । फेब्रुअरी १२ मा हुने निर्वाचनमा करिब १२ करोड ७० लाख मतदाता सहभागी हुन योग्य रहेका छन् । दशकौँयताकै सबैभन्दा महत्त्वपूर्ण मानिएको यो निर्वाचन सामूहिक विद्रोहपछि हसिना सत्ताबाट हटेपछि पहिलो पटक हुन लागेको हो । अन्तरिम प्रशासनले निर्वाचनको निगरानी गरिरहेको छ भने मतदाताले प्रस्तावित संवैधानिक सुधारसम्बन्धी जनमतसङ्ग्रहमा पनि मत दिनेछन् । अगस्ट ५, २०२४ मा हिंसात्मक आन्दोलनपछि हसिना भारत भागेको तीन दिनपछि युनुसले बङ्गलादेश फर्किएर पदभार सम्हालेका थिए । उनले स्वतन्त्र र निष्पक्ष चुनावको प्रतिबद्धता जनाएका छन् । तर आलोचकहरूले अवामी लिगमाथिको प्रतिबन्धका कारण निर्वाचन साँच्चै समावेशी हुन्छ कि हुँदैन भन्ने प्रश्न उठाएका छन् । सुरक्षाको अवस्था र जनमतसङ्ग्रहले संविधानमा ठूलो परिवर्तन ल्याउने सम्भावनाप्रति पनि चिन्ता व्यक्त गरिएको छ । युनुसको कार्यालयले सुरक्षा बलले निष्पक्ष निर्वाचन सुनिश्चित गर्ने र हिंसामार्फत नतिजा प्रभावित हुन नदिने बताएको छ । अन्तर्राष्ट्रिय पर्यवेक्षक र मानव अधिकार संस्थाहरूलाई पनि अनुगमनका लागि आमन्त्रण गरिएको छ । हसिनाको निष्कासनपछि मानव अधिकार, अल्पसङ्ख्यकको सुरक्षा र प्रेस स्वतन्त्रताका विषयमा बङ्गलादेशमा चिन्ता बढेको छ । इस्लामवादी समूहहरूको प्रभाव बढ्दै गएको र विशेषगरी हिन्दू समुदायमाथि आक्रमण भएको आरोप पनि उठेका छन् । यसैबीच, तारिक रहमानको नेतृत्वमा रहेको बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) प्रमुख प्रतिस्पर्धीका रूपमा देखिएको छ । रहमानले देशको स्थिरताका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । एपीलाई पठाएको इमेलमा हसिनाले राजनीतिक प्रतिबन्ध र बहिष्कारको चक्र अन्त्य गर्नुपर्ने बताउँदै जनताको वास्तविक सहमतिमा आधारित वैध सरकार आवश्यक रहेको धारणा राखेकी छन् । उनका अनुसार राष्ट्रले आफ्नो घाउ निको पार्ने सबैभन्दा सही बाटो यही हो ।

## चुलिँदै इरान-अमेरिका तनाव, अर्को युद्धको संघारमा मध्यपूर्व

**काठमाडौं,१५ माघ ।**

इरान र अमेरिकाबीच बढ्दो तनावले क्षेत्रीय सुरक्षास्थितिलाई थप जटिल बनाएको छ। अमेरिकाले मध्यपूर्व क्षेत्रमा सैन्य उपस्थिति बढाउँदै जाँदा युद्धको खतरा बढेको भन्दै अन्तर्राष्ट्रिय समुदायमा गहिरो चिन्ता व्यक्त भइरहेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र अन्य अमेरिकी अधिकारीहरूले इरानविरुद्ध चाँडै कदम चालिन सक्ने संकेतसहितका दैनिक अभिव्यक्तिले परिस्थितिलाई अझै अस्थिर बनाएको छ । विश्लेषकहरूका अनुसार इरानमाथि हुने सम्भावित युद्ध कुनै 'व्यवस्था' वा 'सत्तासंरचना' विरुद्ध नभई प्रत्यक्ष रूपमा आमनागरिकमाथि असर पार्ने हुनेछ, जहाँ निर्दोष मानिसहरूले ज्यान गुमाउने जोखिम उच्च छ । यसैबीच, इरानले सबै किसिमका सैन्य परिदृश्य सामना गर्न आफू तयार रहेको जनाएको छ । इरानको सरकारी समाचार संस्था इरनाका अनुसार इस्लामिक रिभोलुसनरी गार्ड कोर (आईआरजीसी) का प्रवक्ता ब्रिगेडियर जनरलले बताए ।

## उम्मेदवारीमा..........

जनप्रतिनिधि चाहिएको छ हामीलाई । नेता र नेतृत्वका विगतका क्रियाकलाप र भ्रष्टाचारका बेथिति राम्रै देखिसकेका जनताले अब जनप्रतिनिधि चयनमा कसैको धम्की, लोभ, बहकाउ र स्वार्थलिप्सामा नलागी पूर्ण विवेक र वैयक्तिक स्वतन्त्रता प्रयोग गर्नु जरुरी छ । निर्वाचन होला कि नहोला भन्ने संशयकै बीचमा चुनावको माहोल चुलिँदै छ । उम्मेदवारी मनोनयनसँगै दलहरू घोषणापत्र निर्माण गर्न र आ-आफ्ना क्षेत्रमा चुनावी प्रचारप्रसारमा जुट्दै छन् । विगतमा ठूला भनिएका दलहरू नै गठबन्धन गरी चुनावमा होमिँदा तिनका बीच चलेको कुर्सीमोह, व्यक्तिगत स्वार्थसिद्धि, मनोमानी, आपसी कलह र भागबन्डाले देशलाई भड्खालोमा हाल्यो र जेन-जी आन्दोलनको विध्वंसकारी अवस्थाको सामना मुलुकले खेप्नुपर्‍यो । दलहरूको घोषणापत्रको औकात, औचित्य र सम्भावना बुझेर जनताले दल र प्रतिनिधि चयन गर्न सक्नेछन् । जनप्रतिनिधि चुनिएर गएपछि तिनले कार्यान्वयन गर्नुपर्ने र सकिने कुरा मात्रै घोषणापत्रमा समेटिनुपर्छ । जनतालाई क्षणिक आश्वासनमा फसाएर भोट कुम्ल्याउन मात्रै घोषणापत्र सार्वजनिक गरिनु हुँदैन । आफूलाई पूरै परिवर्तन नगरे चुनावपछि पुराना दलहरूको औचित्य र राजनीतिक वर्चस्व नै समाप्त हुने निश्चित छ । नयाँ दलहरूले पनि उचालिएर 'हामी नयाँ दलले नै भोट पाउने त हो नि' भनेर आफ्नो दायित्व र प्रतिबद्धताबाट विमुख हुने होइन । अहिले हामीलाई चाहिएको नयाँ दल र नयाँ व्यक्ति मात्रै होइन, राष्ट्र तथा जनताघाती पुराना प्रवृत्तिलाई नामेट पार्ने राष्ट्रप्रेमी युवा हो । सत्ताका पात्र पटक-पटक फेरिँदा पनि भ्रष्टाचार, कमिसनखोरी र व्यक्तिगत स्वार्थले सीमा नाघेपछि नै जेन-जी आन्दोलन जन्मिएको हो । यसैको भावना र मर्मबमोजिम फागुनमा हुँदै गरेको निर्वाचन धाँधलीरहित, शान्त वातावरणमा सबैको सहयोग र सहभागिताबाट सफलताका साथ सम्पन्न गर्नुपर्छ । साभार ईकान्तिपुर ।

## युवा निर्णायक............

**राजनीतिबीचको दूरी** हालै देखिएका युवाकेन्द्रित आन्दोलनहरू, स्वतःस्फूर्त प्रदर्शन र सामाजिक सञ्जालमा उठेका बहसहरूले एक नयाँ राजनीतिक ऊर्जा सिर्जना गरेका छन् । तर यो ऊर्जा संस्थागत राजनीतिमा रूपान्तरण हुन सकेको छैन । आन्दोलन र पार्टी राजनीतिबीचको दूरी अझै ठूलो छ । यसको मुख्य कारण राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्रको अभाव हो । युवा नेताहरू दलभित्रै निर्णायक तहमा पुग्न नसक्दा, सक्षम युवा राजनीतिको बाहिर धकेलिएका छन् । यसले युवामा 'दलभित्र छिरेर परिवर्तन सम्भव छैन' भन्ने सोच बलियो बनाएको छ । यही कारण स्वतन्त्र उम्मेदवार वा वैकल्पिक राजनीतिक मञ्च (प्लेटफर्म) प्रति आकर्षण बढेको देखिन्छ ।

**राजनीतिक दलहरूका लागि चुनौती र अवसर** छिटै हुने निर्वाचनमा राजनीतिक दलहरूको सबैभन्दा ठूलो परीक्षा युवालाई विश्वस्त पार्नु हो । घोषणापत्रमा रोजगारी, सुशासन, डिजिटल अर्थतन्त्र र शिक्षा सुधार समावेश गर्नु मात्र पर्याप्त हुँदैन । युवाले अब 'के गर्ने' भन्दा 'कसरी र कहिले' भन्ने प्रश्न सोधिरहेका छन् । पछिल्ला निर्वाचनमा देखिएको स्वतन्त्र र वैकल्पिक उम्मेदवारप्रतिको आकर्षण पनि यही असन्तुष्टिको परिणाम हो । यदि परम्परागत दलहरूले आत्मसमीक्षा नगरे, आगामी निर्वाचनमा युवा मत वैकल्पिक शक्तितर्फ सर्ने सम्भावना बलियो देखिन्छ । साभार ईकान्तिपुर ।

## अनिल रुङटा.............

युवालाई 'घर-घर सन्देश पुर्‍याउने' जिम्मेवारी थोपरे पनि नेताहरू आफैँ जनताबीच किन नपुग्ने भन्ने प्रश्न अनुत्तरित नै रह्यो । स्थानीय कार्यकर्ताहरूले क्षेत्रका समस्या र अपेक्षा राखे पनि ती सुझावहरू केवल औपचारिकतामा सीमित हुने हुन् कि भन्ने शंका व्यापक छ ।

विगतका चुनावमा पनि यस्तै भेटघाट, यस्तै आश्वासन र त्यसपछि लामो मौनता देखिएको अनुभव कार्यकर्ताहरू सुनाउँछन् । नगवामा गरिएको यो भेटघाटले नेपाली काँग्रेसको संगठन बलियो बनाउनेभन्दा पनि चुनाव नजिकिँदै जाँदा देखाइएको प्रतीकात्मक सक्रियता मात्र भएको आलोचना सुरु भएको छ ।

# स्वास्थ्य

## गर्भावस्थामा कस्तो बेला यौन सम्बन्ध राख्नुहुँदैन ?




गर्भावस्थामा महिलाको शरीर निकै संवेदनशील हुन्छ । गर्भ रहेपछि शारीरिक र मानसिक अवस्थामा पनि परिवर्तन भइरहन्छ । त्यसैले हरेक काम गर्दा विचार गर्नुपर्छ । थोरै तलमाथि भएमा पनि स्वास्थ्य जोखिममा पर्न सक्छ । यस्तोमा कतिपयको प्रश्न हुन्छ, गर्भावस्थाको समयमा यौन सम्बन्ध राख्न मिल्छ ? हरेक गर्भको चरण वा संवेदनशीलतालाई हेरेर मात्र यौन सम्बन्ध बनाउनु उचित हुन्छ । कतिपय अवस्थामा भने यौन सम्पर्क राख्नु उचित हुँदैन । गर्भ रहेको पहिलो तीन महिना यौन सम्बन्ध राख्नु उचित मानिँदैन । यो समयमा यौन सम्पर्क गर्दा गर्भपातको जोखिम बढ्छ । साथै नवौं महिनामा पनि शारीरिक सम्पर्क गर्नु उचित नहुने बताइन्छ । त्यसबाहेकको अवधिमा यौन सम्बन्ध राख्न मिल्छ । तर नौ महिनाको कुनै पनि समयमा यौनसम्पर्क राख्दा कुनै असामान्य लक्षण देखिएमा भने तुरुन्तै त्यसलाई रोकेर चिकित्सकलाई परीक्षण गराउनुपर्छ । **के कस्ता संकेत जोखिमपूर्ण ?** यदि गर्भवती महिलाले यौनसम्पर्कपछि पेट वा कम्मरमा गहिरो दुखाइ महसुस गरेमा यो चेतावनीको संकेत हुनसक्छ । यो दुखाइ पाठेघरमा कुनै प्रकारको समस्या भएको संकेत हुनसक्छ । यस्तो अवस्थामा यौनसम्पर्कबाट टाढा रहनु उपयुक्त हुन्छ । **रक्तस्राव** गर्भावस्थामा यौनसम्पर्कपछि हल्का रातो दाग देखिनु सामान्य कुरा हो । तर धेरै रक्तस्राव भएमा यो चेतावनीको संकेत हुनसक्छ । रक्तस्राव नै सुरु भइरहेको छ भने तुरुन्तै यौनसम्पर्क गर्नुहुँदैन । किनभने यस्तो बेलामा सम्पर्क राख्दा पाठेघरमा दबाब परी गर्भपात वा अन्य जटिलता आउन सक्छ । यसबाहेक यौनसम्पर्कपछि योनीस्राव भइरहेमा पनि अस्पताल जानुपर्छ । किनकि यो अवस्था गम्भीर हुनसक्छ । **योनी पोल्ने र सुन्निनु** यौनसम्पर्कपछि योनीको भाग पोलेको वा सुन्निएको महसुस भएमा यसलाई बेवास्ता गर्नु हुँदैन । यो योनीमा संक्रमण भएको संकेत हुनसक्छ । गर्भावस्थामा महिलाको रोगप्रतिरोधात्मक क्षमता कमजोर हुन्छ, जसकारण संक्रमणको जोखिम बढ्छ । यदि समस्या छ भने तुरुन्तै परीक्षण गराउनुपर्छ । **अत्यधिक टाउको दुखाइ** गर्भावस्थामा यौनसम्पर्क गर्दा वा गरिसकेपछि टाउको दुख्ने समस्या भएमा यसलाई बेवास्ता गर्नु हुँदैन । यो उच्च रक्तचाप वा अन्य गर्भावस्था सम्बन्धी समस्याको संकेत हुनसक्छ । लगातार टाउको दुख्ने समस्या भएमा तुरुन्तै चिकित्सकलाई सम्पर्क गर्नुपर्छ । **थकान** यदि अचानक थकित महसुस भइरहेको वा यौन सम्बन्धपछि सास फेर्न गाह्रो हुनु पनि राम्रो संकेत मानिँदैन । यस्तो अवस्थामा यौन सम्पर्कबाट टाढा रहनु राम्रो हुन्छ । त्यस्तै, यदि पहिला गर्भपतन भएको छ वा गर्भको बच्चामा कुनै जोखिम देखिएमा यौन सम्पर्क राख्नु उचित हुँदैन । गर्भावस्थाको समयमा यौन सम्बन्ध राख्नै नहुने होइन । तर राखेपछि के-कस्ता संकेत देखिन्छन् भन्ने कुरामा ध्यान पुर्‍याउनुपर्छ । ताकि, महिला र बच्चाको सुरक्षा सुनिश्चित गर्न सकियोस् ।

निर्धारित मापदण्डको पाल्ना गरौं, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
बिन्दवासिनी गाँउपालिकाको कार्यालय, बिन्दवासिनी, पर्सा

# सर्लाही-४: गगन र अमरेशबीच मुख्य प्रतिस्पर्धा



**जनकपुर,१५ माघ ।** आगामी प्रतिनिधिसभा निर्वाचनमा सर्लाही-४ क्षेत्र अहिले गगन थापा र अमरेश सिंहका कारण चर्चित बनेको छ । नेपाली कांग्रेसका सभापति गगन र रास्वपा प्रवेश गरेका अमरेश दुवै यहाँका हेभिवेट उम्मेदवार बनेका छन्, जसका छायामा अन्य उम्मेदवार ओझेलमा परेका छन् । जनता समाजवादी पार्टी, नेपालका रामेश्वर राय यादव पनि यहाँ उम्मेदवार भए तापनि चर्चा कम भएको स्थानीय मतदाताले बताएका छन् । यादव समुदायको मत बलियो भएकाले रामेश्वरको संगठन बलियो भए तापनि उनलाई गगन-अमरेशसँग प्रतिस्पर्धा कठिन हुने देखिन्छ । सर्लाही-४ मा हालसम्म १३ जना विभिन्न दलका र २६ जना स्वतन्त्र उम्मेदवारले प्रतिस्पर्धा गरेका छन् । यहाँको राजनीतिक परिदृश्यमा गगन र अमरेश दुवैलाई जित्ने दावीका साथ अघि बढेको देखिन्छ, जबकि अन्य उम्मेदवारको प्रभाव सीमित छ । स्थानीय मतदाताले भने, "चर्चा जसको भए पनि चुनाव जित्ने क्षमता मेरो छ," रामेश्वरले भने । अमरेशले पनि आफ्नो जित निश्चित भएको दाबी गरेका छन् भने गगनप्रति मतदाताको व्यापक समर्थन देखिएका कारण उनी मुख्य प्रतिद्वन्द्वीका रूपमा उभिएका छन् ।

# कलैयामा रास्वपा उम्मेदवार अरविन्द साहको घरदैलो



**जनकपुर,१५ माघ ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट बारा निर्वाचन क्षेत्र नम्बर-३ का प्रतिनिधिसभा सदस्य उम्मेदवार ई. अरविन्द साहले निर्वाचन क्षेत्रभित्र पर्ने कलैया उपमहानगरपालिका-११ विश्वम्भरपुरमा घरदैलो अभियान सम्पन्न गरेका छन् । स्थानीय बासिन्दाको उल्लेखनीय सहभागितामा सम्पन्न उक्त कार्यक्रममा उम्मेदवार साहले मतदातासँग प्रत्यक्ष भेटघाट गर्दै आफ्नो राजनीतिक दृष्टिकोण तथा विकाससम्बन्धी योजनाहरू प्रस्तुत गरेका थिए । घरदैलो अभियानका क्रममा साहले भ्रष्टाचार, अव्यवस्था र सरकारी संयन्त्रभित्र मौलाउँदै गएको दलीय हस्तक्षेपको अन्त्य गर्दै पारदर्शी, जवाफदेही र जनमुखी शासन व्यवस्था स्थापित गर्ने प्रतिबद्धता जनाए । "समृद्ध र विकसित देश निर्माणका लागि नागरिकको सक्रिय भूमिका अपरिहार्य छ," भन्दै उनले घण्टी चिन्हमा मतदान गरी राष्ट्रिय स्वतन्त्र पार्टीलाई समर्थन गर्न आग्रह गरे । कार्यक्रममा बोल्दै साहले बारा जिल्लाको सदरमुकाम कलैयामा देखिएका सडक, सरसफाइ, खानेपानी, शिक्षा तथा स्वास्थ्य सेवासम्बन्धी समस्याहरूको दीर्घकालीन समाधानका लागि आफूले ठोस योजना बनाइसकेको बताए । "स्थानीय तहका जनप्रतिनिधिसँग सहकार्य गर्दै कलैयाको समग्र विकासका लागि म स्पष्ट कार्ययोजनाका साथ अघि बढ्नेछु," उनले उल्लेख गरे । उनले कलैयालाई आधुनिक पूर्वाधार, योजनाबद्ध सहरी विकास र नागरिकमैत्री सेवासहितको 'नमुना सहर'का रूपमा विकास गर्दै मधेस प्रदेशकै प्रमुख केन्द्र बनाउने लक्ष्य रहेको बताए । स्थानीय सरकार र सङ्घीय निकायबीच प्रभावकारी समन्वयमार्फत सार्वजनिक सेवा प्रवाहलाई अझ सुदृढ बनाउन सकिने उनको भनाइ थियो । साथै, साहले युवाहरूका लागि रोजगारमुखी सीप विकास, महिलाको उद्यमशीलता प्रवर्द्धन तथा कृषिमा आधुनिक प्रविधिको प्रयोगमार्फत आर्थिक गतिविधि विस्तार गर्ने योजनाहरू समेत रहेको जानकारी दिए ।

# नगर प्रमुख उपस्थित नभएपछि सिम्रौनगढ नगरपालिकाको नगरसभा स्थगित




**बीरगन्ज, १५ माघ ।** बाराको सिम्रौनगढ नगरपालिकामा आज आयोजना गर्न भनिएको नगरसभा स्थगित भएको छ । अदालतको आदेश अनुसार नगरसभालाई एक महिनाभित्र सम्पन्न गर्नुपर्ने भएकाले आज तयारी गरिएको थियो । तर नगरपालिका कार्यालयमा उप-प्रमुख नज्मु शेहर, केही वडा अध्यक्ष तथा सदस्य बाहेक अन्य जनप्रतिनिधि र कर्मचारीको उपस्थिति नहुँदा सभा सञ्चालन सम्भव भएन । उप-प्रमुख शेहरले नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत लगायत अधिकांश वडा अध्यक्ष तथा सदस्यको अनुपस्थितिले नगरसभा सञ्चालन गर्न कठिन भएको बताउनुभयो । साथै, निर्वाचन आचारसंहिताका कारण पनि सभा सञ्चालन गर्न नपाएको जानकारी दिए । उप-प्रमुख शेहरले नगरसभा स्थगितको सूचना नगर प्रमुखले स्वयं उपस्थित भएर दिने भए पनि प्रमुख अनुपस्थित भएकोमा गुनासो गरे ।

# निर्वाचनको ३५ दिन बाँकी: यस पटक निर्वाचनमा नेपालमै उत्पादित सामग्री प्रयोग गर्ने आयोगको नीति




**काठमाडौं,१५ माघ ।** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले सम्भव भएसम्म नेपालमै उत्पादित सामग्री प्रयोग गर्ने नीति अवलम्बन गरेको छ । निर्वाचनलाई मितव्ययी, पारदर्शी र स्थानीय उत्पादनमैत्री बनाउन यो नीति लागू गरिएको आयोगले जनाएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार निर्वाचन प्रक्रियामा जम्मा ५१ प्रकारका सामग्री प्रयोग गरिनेछ, जसमध्ये ३७ प्रकारका सामग्री प्रदेश र जिल्ला तहबाट विकेन्द्रीकृत रूपमा खरिद गरी प्रयोगमा ल्याउने व्यवस्था गरिएको छ । बाँकी १४ प्रकारका सामग्री भने केन्द्रस्तरबाट खरिद गरिनेछ । केन्द्रबाट खरिद हुने अधिकांश सामग्री 'जिटुजी' (सरकार-सरकार) अवधारणाअनुसार साल्ट ट्रेडिङ कम्पनीमार्फत व्यवस्थापन गरिँदै आएको प्रवक्ता भट्टराईले जानकारी दिए । निर्वाचनका लागि करिब ६ करोड ७५ लाख रुपैयाँ बराबरको मात्र नयाँ सामग्री खरिद गरिएको र बाँकी आवश्यक सामग्री पुरानो मौज्दात (स्टक) पुनः प्रयोगमा ल्याइएको उनले बताए । आगामी फागुन २१ गते हुने निर्वाचनका लागि उम्मेदवारी मनोनयन दर्ता, दावी-विरोध तथा निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रमहरू सम्पन्न भइसकेका छन् । अब निर्वाचनको दिन नजिकिँदै जाँदा आयोगले तयारीलाई थप तीव्र बनाउन जनाएको छ ।

# पर्सा क्षेत्र नं. २ का मतदाताले परिवर्तन र नयाँ नेतृत्व खोजिरहेका छन् : मनोज चौधरी



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१५ माघ ।** विद्यार्थी राजनीतिबाट मूलधारको राजनीतिमा लामो समयदेखि सक्रिय नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार मनोज चौधरीको पर्सा निर्वाचन क्षेत्र नं. २ मा भएको प्रवेशले चुनावी प्रतिस्पर्धालाई रोचक बनाएको छ । उनको उम्मेदवारीले ठूला दलहरूलाई समेत चुनौती दिने विश्वास स्थानीय स्तरमा गरिएको छ । लामो राजनीतिक यात्रापछि चौधरी पहिलो पटक चुनावी मैदानमा उत्रिएका हुन् । उनले आफू चुनाव हार्नका लागि उम्मेदवार नभएको दाबी गर्दै बाहिर देखिएजस्तो कमजोर नभई भित्री रूपमा निकै बलियो रहेको बताएका छन् । सञ्चारकर्मीहरूसँगको कुराकानीमा चौधरीले नेपाली कांग्रेस र नेकपा एमालेकै कारण देश आजको अवस्थामा आइपुगेको आरोप लगाए । अब जनताले परिवर्तन र नयाँ अनुहार खोजिरहेको उनको भनाइ थियो । नेपाली कम्युनिष्ट पार्टी प्रगतिशील र समाजवादी अभियानमा अग्रसर पार्टी भएको उल्लेख गर्दै उनले समाजवादी आन्दोलनमार्फत नै देशलाई अग्रगमनतर्फ लैजान सकिने बताए । विभिन्न पार्टीहरू एकीकृत भएर बनेको नेपाली कम्युनिष्ट पार्टी भएकाले हाल आफू पार्टीका नेता तथा अगुवा कार्यकर्ताहरूसँग व्यापक भेटघाट गरिरहेको उनले जानकारी दिए । केही दिनभित्र घरदैलो कार्यक्रम सुरु गर्ने तयारी रहेको बताउँदै चौधरीले आफ्नो जितको बलियो आधार प्रस्तुत गर्ने दाबी गरे । तत्कालीन माओवादी केन्द्र, एकीकृत समाजवादीलगायत दलहरूको पर्सामा बलियो संगठन रहेको र आम मतदातामाझ आफू लोकप्रिय भएकाले जीत सुनिश्चित हुनेमा आफू ढुक्क रहेको उनले बताए ।

# चुनावको वातावरण अझै बनेको छैन : अध्यक्ष ओली



**काठमाडौं,१५ माघ ।** एमाले अध्यक्ष केपी शर्मा ओलीले अझै पनि चुनावको वातावरण बन्न नसकेको बताएका छन् । उनले सरकारले निर्वाचन निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित ढङ्गले सम्पन्न गर्ने वातावरण बनाउन नसकेको बताएका हुन् । प्रतिनिधिसभा सदस्यको निर्वाचनका सन्दर्भमा घोषणापत्र तयार गर्न विभिन्न विषयगत क्षेत्रका विज्ञसँग सुझावका लागि छलफल गर्ने क्रममा ओलीले त्यस्तो बताएका हुन् । प्रचार संयोजक मीनबहादुर शाहीद्वारा जारी विज्ञप्तिअनुसार ओलीले भदौको विध्वंसले राष्ट्रियता, लोकतन्त्र र संविधानमा पुर्‍याएको क्षतिको पुनर्निर्माण, राष्ट्रिय सुरक्षा र सुदृढ राष्ट्रिय एकता कायम गर्न उच्चमनोबलका साथ नेतृत्व प्रदान गर्ने भनेका छन् । उनले पार्टीले हाल भइरहेका राज्यका संयन्त्रहरूका गतिविधि र काम कारवाहीका विषयमा नजिकबाट नियालिरहेको भन्दै सरकारले आजका दिनसम्म पनि निर्वाचन निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित ढङ्गले सम्पन्न गर्ने वातावरण बनाउन नसकेको आरोप लगाए ।

'राष्ट्रियता, सार्वभौमिकता, राष्ट्रिय सुरक्षा र स्वाभिमानको रक्षा समर्पणबाट हुन नसक्ने उल्लेख गर्दै अध्यक्ष ओलीले यसको रक्षाका लागि प्रतिरोध, प्रतिवाद र प्रतिरक्षा गरिने बताउनुभयो', शाहीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । उनले कुनै पनि आत्मसमर्पण स्वीकार्य नहुने कुरामा जोड दिए ।

# गगनले पार्टी प्रवेश गराएको भोलिपल्टै जसपा नेपालमै फर्किए वडाध्यक्ष गुप्ता

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१५ माघ ।** हिजो (बुधबार) मात्र नेपाली कांग्रेसका सभापति गगन थापाले पार्टीमा भित्र्याएका सर्लाहीको गोडैता नगरपालिका-५ का वडाध्यक्ष प्रकाश प्रसाद गुप्ता आफ्नै पुरानो पार्टी जनता समाजवादी पार्टी (जसपा) नेपालमा फर्किएका छन् । जसपाबाट निर्वाचित वडाध्यक्ष गुप्ताले आज आफू कांग्रेस परित्याग गरी पुरानै पार्टीमा फर्किएको घोषणा गरेका हुन् ।

उनले आगामी निर्वाचनमा पनि जसपा नेपाललाई नै सहयोग गर्ने स्पष्ट पारेका छन् । एक भिडियोमा उनले आफू सुरुदेखि नै जसपामा रहेको, पार्टीप्रति प्रतिबद्ध रहेको र गोडैता नगरपालिका-५ का निर्वाचित वडाध्यक्षका रूपमा काम गरिरहेको बताएका छन् ।

यसघि पार्टीको गठबन्धनका कारण केही समयका लागि नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति वीरेन्द्र सिंहसँग नजिकिएको र सोही कारण त्यहाँ गएको बेला आफूलाई सम्मान गरेको उनले बताएका छन् । साथै, उनले आफ्नो पार्टी छोडेर अन्य कुनै दललाई भोट नदिने र जसपाप्रति पूर्ण निष्ठा कायम राख्ने प्रतिबद्धता पनि व्यक्त गरे । हिजो ( बुधबार ) सर्लाहीको गोडैतामा गगनलाई सहयोग गर्ने भन्दै उनीसहित चार जना वडाध्यक्ष कांग्रेस प्रवेश गरेका थिए ।

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्विनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
बिन्दवासिनी गाँउपालिकाको कार्यालय, बिन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा